जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ९५ पृष्ठः ४ | २०८३ साउन १८ सोमबार (Monday 03 Aug. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सिरहाको गोलबजारमा कर्फ्यू हटायो



सिरहा, १७ साउन। जिल्ला प्रशासन कार्यालय सिरहाले गोलबजार नगरपालिका क्षेत्रमा जारी कर्फ्यू आदेश पूर्ण रूपमा हटाएको छ। प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलद्वारा जारी सूचनाअनुसार जिल्लाको पछिल्लो सुरक्षा अवस्थाको विश्लेषण तथा समीक्षापछि आज साँझ ७ बजेदेखि कर्फ्यू आदेश हटाइएको हो।

प्रशासनले सुरक्षा अवस्था सामान्य बन्दैगएको निष्कर्षपछि कर्फ्यू हटाउने निर्णय गरिएको जनाएको छ। यससँगै गोलबजार क्षेत्रमा अब कर्फ्यू आदेश लागू नहुने भएको छ। यसअघि प्रशासनले सुरक्षा अवस्थाको समीक्षा गर्दै आज बिहान १० बजेदेखि बेलुका ७ बजेसम्म कर्फ्यू खुकुलो बनाएको थियो। सो अवधिमा सवारीसाधन सञ्चालनमा सहजीकरण गरिएको भएपनि ५ जनाभन्दा बढी व्यक्तिको समूहमा भेला नहुन प्रशासनले आग्रह गरेको थियो।

पछिल्लो सुरक्षा अवस्थाको सुधारसँगै प्रशासनले बेलुका ७ बजेदेखि कर्फ्यू पूर्ण रूपमा हटाउने निर्णय गरेको हो। प्रशासनले नागरिकलाई शान्ति, सुरक्षा र सामाजिक सद्भाव कायम राख्न सहयोग गर्न आग्रह गरेको छ। सुनसरी घटनापछि उत्पन्न तनावका कारण गोलबजार क्षेत्रमा केही दिनदेखि कर्फ्यू लगाइएको थियो।

## हुलाकी राजमार्ग निर्माण अन्तिम चरणमा, २४ पुल सम्पन्न



जनकपुरधाम, १७ साउन। मधेस प्रदेशको विकासको मेरुदण्ड मानिएको हुलाकी राजमार्गअन्तर्गत सिरहादेखि सर्लाहीसम्मको निर्माण अन्तिम चरणमा पुगेको छ। यस खण्डमा २४ वटा पुल निर्माण भइसकेका छन् भने ९० प्रतिशतभन्दा बढी सडक कालोपत्र भएको छ। यहाँस्थित हुलाकी राजमार्ग निर्देशनालयका अनुसार सिरहादेखि सर्लाहीसम्मको ४०६ दशमलव ४३ किलोमिटरमध्ये ३४७ दशमलव ६३ किलोमिटरमा कालोपत्र भएको छ। धनुषामा तीन, सर्लाहीमा सात, महोत्तरीमा तीन र सिरहामा तीन गरी १९ वटा पुल निर्माणको अन्तिम चरणमा पुगेका छन्। कालोपत्र गर्न बाँकी ५८ दशमलव ८ किलोमिटर सडकमध्ये १२ दशमलव ८ किलोमिटर सडकको ठेक्का प्रक्रिया प्रारम्भ भएको छ।

चालु आर्थिक वर्षमा परियोजना पूरा गर्ने लक्ष्यका साथ काम भइरहेको कार्यालय प्रमुख कृष्णकुमार महतोले राससलाई बताउनुभयो। सिरहामा २९ दशमलव ९८, महोत्तरीमा ९१ दशमलव ५६, सर्लाहीमा १५१ दशमलव ५१ किलोमिटर निर्माण भएको छ। निर्माण सम्पन्न भएपछि पूर्व–पश्चिम हुलाकी राजमार्ग एक हजार ७९२ किलोमिटर लामो हुनेछ।

## ‘स्थानीय तहले न्यायोचित तरिकाले मल वितरण नगर्दा दुःख पायौँ’



जनकपुरधाम, १७ साउन। सरकारले ७० प्रतिशत अनुदानमा दिने रासायनिक मल वितरणमा स्थानीय पालिकाहरूले राम्ररी व्यवस्थापन गर्न नसक्दा किसानहरूले दुःख तथा हैरानी भोग्नुपरेको छ। संघ, प्रदेश हुँदै स्थानीय तहसम्म भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको संयोजनमा कृषियोग्य जग्गाको क्षेत्रफलका आधारमा पालिकाहरूको मलको कोटा निर्धारण हुन्छ। त्यसअन्तर्गत पालिकाहरूमा उपप्रमुख वा उपाध्यक्षको नेतृत्वमा हुने ३ सदस्यीय टोलीले वडागत मलको कोटा निर्धारण गर्ने नीतिगत अभ्यास छ।

तर, यसरी मलको कोटा निर्धारण गर्ने समितिले नै प्रभावकारी रूपमा काम गर्न नसक्दा र डिलरमा पठाइएको मलको बिक्रीवितरणमा अनुगमन नगर्दा किसानहरूले मलकै लागि चरम दुःख भोग्नुपर्ने अवस्था केही वर्षयता निरन्तर देखिन थालेको छ। धनुषा लक्ष्मीनियाँ गाउँपालिकाका किसान चन्द्रदेव

**–बाँकी तीन पेजमा**




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## इलेक्ट्रिक चुरोट (भेप) को प्रयोग नगरौं

- इलेक्ट्रिक चुरोट सुरक्षित विकल्प हो भन्ने भ्रमबाट बचौं,
- निकोटिनयुक्त पदार्थले स्वास्थ्यमा पार्ने असरबारे सचेत बनौं,
- बालबालिका तथा युवालाई इलेक्ट्रिक चुरोटको आकर्षणबाट जोगाऔं,
- धूम्रपान तथा निकोटिनजन्य पदार्थको प्रयोगबाट टाढा रहौं,
- इलेक्ट्रिक चुरोटको प्रयोग र लतबाट बचौं,
- परिवार र समाजमा धूम्रपानमुक्त वातावरण निर्माण गरौं।

स्वस्थ जीवनशैली र सकारात्मक बानीको विकास गरौं

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## श्रद्धाञ्जलीभन्दा ठूलो न्याय

गागन खोलाको किनारमा शनिबार एउटा चिता सेलायो। त्यससँगै एउटा किशोरको जीवन समाप्त भयो। तर त्यो चिताको धुवाँसँगै एउटा प्रश्न भने अझै आकाशमै उडिरहेको छ, के हाम्रो समाजले फेरि अर्को गणेश यादव गुमाएपछि मात्रै संवेदनशील हुने हो? कि यसपटक एउटा मृत्युबाट राज्य, समाज र राजनीतिक नेतृत्वले साँच्चै पाठ सिक्नेछ?

सिरहाको गोलबजारमा भएको प्रदर्शनका क्रममा गोली लागेर ज्यान गुमाएका गणेश यादवको अन्त्येष्टि हजारौँ मानिसको उपस्थितिमा सम्पन्न भयो। गाउँ रोयो, आफन्त रोए, आमाको काख रित्तियो, बाबुको भरोसा टुट्यो। एउटा किशोरको शव गाउँ फर्किँदा देखिएको जनसागरले स्पष्ट सन्देश दिएको छ, यो केवल एउटा परिवारको शोक होइन, सम्पूर्ण समाजको पीडा हो।

लोकतन्त्रमा नागरिकको जीवनभन्दा ठूलो कुनै मूल्य हुँदैन। नागरिकले आफ्नो असन्तुष्टि व्यक्त गर्न पाउने अधिकार लोकतन्त्रको आधार हो। त्यसैगरी राज्यको दायित्व शान्ति–सुरक्षा कायम गर्नु हो। तर जब आन्दोलनको अन्त्य गोलीमा हुन्छ, तब दुवै पक्ष असफल भएको स्वीकार गर्नुपर्छ। एउटा किशोरको मृत्युले आन्दोलनको उद्देश्यभन्दा ठूलो बहस जन्माएको छ—राज्यको जिम्मेवारी, सुरक्षा संयन्त्रको भूमिका र नागरिकको जीवनप्रतिको संवेदनशीलता। घटनापछि सरकार सक्रिय भयो। गृहमन्त्री स्वयं मृतकको घर पुगे, परिवारसँग वार्ता भयो र विभिन्न बुँदामा सहमति भयो। शहीद घोषणा प्रक्रिया अघि बढाउने, राहत उपलब्ध गराउने, परिवारका सदस्यलाई रोजगारी, भाइबहिनीलाई निःशुल्क शिक्षा, बाबुआमालाई निःशुल्क उपचार तथा स्मृति पार्क निर्माण गर्ने प्रतिबद्धता व्यक्त गरियो। यी निर्णयले तत्काल पीडित परिवारलाई केही राहत अवश्य दिन सक्छन्। तर एउटा यथार्थ स्वीकार गर्नैपर्छ—कुनै पनि रकमले छोरालाई फर्काउन सक्दैन, कुनै पनि घोषणाले आमाको आँसु रोक्न सक्दैन।

त्यसैले अहिले सबैभन्दा ठूलो आवश्यकता राहतको होइन, न्यायको हो। गोली किन चल्यो? कसले आदेश दियो? बल प्रयोग अपरिहार्य थियो कि थिएन? सुरक्षाकर्मीले कानुनी मापदण्ड पालना गरे वा गरेनन्? यी सबै प्रश्नको निष्पक्ष, पारदर्शी र विश्वसनीय उत्तर आउनैपर्छ। यदि राज्यले सत्यलाई ढाकछोप गर्ने प्रयास गर्‍यो भने सहमतिपत्रका सबै बुँदा अर्थहीन बन्नेछन्। न्यायमा ढिलाइ हुनु भनेको पीडित परिवारमाथि अर्को अन्याय गर्नु हो। यस घटनाको अर्को पाटो पनि त्यत्तिकै गम्भीर छ। प्रदर्शनको क्रममा भएको आगजनी, तोडफोड र निजी सम्पत्तिमाथिको आक्रमण कुनै पनि दृष्टिले उचित ठहरिन सक्दैन। आन्दोलनको नाममा हिंसा स्वीकार्य हुँदैन। त्यसैगरी भीड नियन्त्रणका नाममा गोली चलाउनु पनि सामान्य अभ्यास बन्नु हुँदैन। लोकतन्त्रमा दुवै पक्षले कानुन र संयमको सीमाभित्र रहनुपर्छ। राज्यको शक्ति नागरिकको सुरक्षा गर्न प्रयोग हुनुपर्छ, नागरिकमाथि भय सिर्जना गर्न होइन।

गोलबजार र लहान क्षेत्रमा जारी कर्फ्युले जनजीवन प्रभावित भएको छ। बन्द बजार, सुनसान सडक, ठप्प व्यापार र त्रसित नागरिकहरूले हिंसाको मूल्य तिरिरहेका छन्। दैनिक ज्यालादारी गर्ने मजदुरदेखि विद्यार्थी र साना व्यवसायीसम्म सबैले यसको असर भोगिरहेका छन्। यसले देखाउँछ कि हिंसाको मूल्य केवल एउटा पक्षले होइन, सम्पूर्ण समाजले चुकाउनुपर्छ।

नेपालको इतिहासमा यस्ता धेरै घटना भएका छन्, जहाँ मृत्युपछि सहमति भयो, छानबिन समिति बन्यो, प्रतिवेदन तयार भयो, तर समयसँगै सबै कुरा ओझेलमा पर्‍यो। यही प्रवृत्ति दोहोरिने हो भने गणेश यादवको मृत्यु पनि अर्को तथ्यांकमा सीमित हुनेछ। तर यदि यसपटक निष्पक्ष अनुसन्धान भयो, दोषीमाथि कानुनअनुसार कारबाही भयो र पीडित परिवारसँग गरिएका प्रतिबद्धता समयमै पूरा भए भने यो घटना राज्यको उत्तरदायित्व स्थापित गर्ने अवसर बन्न सक्छ। गणेश यादवको अन्त्येष्टि सम्पन्न भइसकेको छ। अब श्रद्धाञ्जलीका औपचारिक शब्दभन्दा महत्वपूर्ण काम बाँकी छ। त्यो हो, सत्यको खोजी, न्यायको स्थापना र भविष्यमा यस्ता घटना दोहोरिन नदिने प्रणाली निर्माण। मृतकलाई सम्मान गर्ने सबैभन्दा ठूलो माध्यम फूलको माला होइन, न्यायपूर्ण शासन हो। गणेश यादव अब फर्केर आउने छैनन्। तर उनको स्मृतिले राज्यलाई सधैँ एउटा प्रश्न सोधिरहनेछ, के नागरिकको जीवनको मूल्य मृत्यु भएपछि मात्रै सम्झिने हो, कि जीवित रहँदै सुरक्षित राख्ने हो?

यस प्रश्नको उत्तर सरकार, सुरक्षा निकाय, राजनीतिक नेतृत्व र समाज सबैले दिनुपर्छ। किनकि श्रद्धाञ्जली शब्दले मात्रै इतिहास बदलिँदैन। इतिहास बदल्ने शक्ति न्याय, उत्तरदायित्व र मानवीय संवेदनशीलतामा हुन्छ। गणेश यादवप्रति सच्चा श्रद्धाञ्जली पनि त्यही हुनेछ, दोषीले सजाय पाओस्, सत्य बाहिर आओस् र भविष्यमा कुनै पनि परिवारले आफ्नो सन्तानलाई यस्तै पीडादायी परिस्थितिमा गुमाउन नपरोस्। त्यसबेला मात्र भन्न सकिनेछ—एउटा जीवन गुमे पनि समाजले एउटा ठूलो पाठ सिक्यो।

# सामाजिक तनावको सतहमा धर्म, गहिराइमा सरकार र राजनीतिक विश्वासको संकट



सम्झना वाग्ले भट्टराई

पछिल्ला दुई हप्तायता नेपालले लगातार दुःखद र चिन्ताजनक घटनाहरूको सामना गरेको छ। विभिन्न स्थानमा भएका हिंसात्मक घटनामा हालसम्म तीन जना युवाले अनाहकमा ज्यान गुमाएका छन् भने कयौँ युवा घाइते भएका छन्। जनधनको क्षति मात्र होइन, समुदायबीच अविश्वास बढेको छ, र केही क्षेत्रमा कर्फ्यु तथा कडा सुरक्षा व्यवस्था लागू गर्नुपर्ने अवस्था सिर्जना भयो। यी घटनाले केवल प्रभावित परिवार र समुदायलाई मात्र पीडा दिएको छैन, समग्र समाजमा सुरक्षा, सामाजिक सद्भाव र राज्यको संकट व्यवस्थापन क्षमतामाथि पनि गम्भीर प्रश्न उठेका छन्।

अहिले मधेशका विभिन्न स्थानमा देखिएका यी घटनाहरू बहुआयामिक छन्। यी घटनाहरूलाई कुनै एक कारण वा एउटा दृष्टिकोणबाट मात्र व्याख्या गर्न कठिन छ। कतिपय घटनाको तत्काल कारण धार्मिक वा स्थानीय विवाद देखिए पनि त्यसको पृष्ठभूमिमा लामो समयदेखि बढ्दै आएको राजनीतिक ध्रुवीकरण, सामाजिक सञ्जालमार्फत फैलिने भ्रामक सूचना, संस्थाप्रतिको घट्दो विश्वास तथा सामाजिक–आर्थिक असन्तुष्टि आदि हुन्। यी समस्याको तत्काल समाधानका लागि प्रशासनले शान्ति र सुरक्षा कायम गर्ने कामहरू गरिरहेको छ। तर, दीर्घकालीन समस्या समाधानका लागि भने समाजमा बढ्दो अविश्वासका गहिरा कारण पहिचान गरी संवाद र समावेशी राजनीतिक पहल आवश्यक छ।

यस सन्दर्भमा जनधनको ठूलो क्षति भइसकेपछि भए पनि प्रधानमन्त्रीले लिएका पहलकदमीलाई सकारात्मक रूपमा लिनुपर्छ। घटनाका सुरुवाती दिनहरूमा प्रहरी र सेना परिचालनबाट मात्र समाधान खोजिएकोमा पछिल्ला दिनहरूमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछाने र प्रधानमन्त्री बालेन्द्र शाहले विभिन्न राजनीतिक दल तथा अन्य सरोकारवालाहरूसँग छलफल सुरु गरेपछि समस्या मत्थर हुँदै गएको देखिन्छ।

यद्यपि, सरकारका कमजोरीबारे पनि गम्भीर प्रश्न उठेका छन्। तनाव सुरुवाती चरणमै नियन्त्रण गर्न नसकिएको, स्थानीयस्तरमा विवाद बढ्दै जाँदा प्रभावकारी रोकथाम हुन नसकेको, अफवाह र घृणात्मक सामग्री फैलिन नदिन पर्याप्त रणनीति नदेखिएको, सरकारी सूचना प्रवाह पर्याप्त, छिटो र विश्वसनीय नभएको तथा सरकारले सुरुवातमा नै पहलकदमी नलिएको जस्ता प्रश्न स्वाभाविक छन्। घटनाका सुरुवाती दिनहरूमा 'गुमनाम' रहेका गृहमन्त्री सुधन गुरुङ पछिल्ला दिनमा प्रभावित क्षेत्र पुगेर मृतकका परिवारसँग भेटघाट तथा राहत र क्षतिपूर्तिको घोषणा गरे पनि उनका अभिव्यक्तिहरू द्वन्द्वप्रेरित देखिएका छन्। अतिसंवेदनशील र संकटको यस समयमा गृहमन्त्रीले 'पुराना दल', 'पुराना सरकार' र 'अहिलेको सरकार' भन्दै बोलेका भिडियो क्लिपहरू सार्वजनिक भइरहेका छन्। जिम्मेवार पदमा रहेका व्यक्तिको यस्तो भनाइ आपत्तिजनक छन्।

प्रतिशोधको राजनीतिको जगमा बनेको सरकारका यस्ता गतिविधिले समाजलाई दीर्घकालीन द्वन्द्वमा धकेल्न सक्छ। स्मरण रहोस्, भौतिक संरचनामा लागेको आगो निभाउनभन्दा समाजमा फैलिएको घृणाको आगो बढी विध्वंसक र निभाउन ज्यादै जटिल हुन्छ। यस्ता घटनाको मूलकारण सामाजिक अविश्वास, राजनीतिक ध्रुवीकरण र समुदायबीच बढ्दो दूरीलाई अझ बढाउने गतिविधि र अभिव्यक्ति नियन्त्रण गर्न प्रधानमन्त्री तथा सत्तारुढ दलका सभापतिले तुरुन्त पहल गर्नैपर्छ।

नेपालमा हालै देखिएको अस्थिरतालाई केवल धार्मिक कोणबाट मात्र हेर्नु पर्याप्त हुँदैन। केही घटनामा धार्मिक पहिचान वा समुदायबीचको तनाव प्रत्यक्ष रूपमा देखिए पनि त्यसको पृष्ठभूमिमा लामो समयदेखि बढ्दै आएको राज्यप्रतिको बढ्दो निराशाले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ। यस सन्दर्भमा मेरो ताजा अनुभूति रहेको छ। गत २१ फागुनमा भएको चुनावको दिन म झण्डै ३० किलोमिटर पैदल हिँडेँ। त्यसदिन बिहान ७ बजेदेखि बेलुका झण्डै ७ बजेसम्म ८ वटा भोटिङ बुथनजिक करिब दर्जनभन्दा बढी ठाउँमा साना समूहमा रहेका मतदातासँग चुनावी विषयमा अन्तरक्रिया गरेकी थिएँ। मैले छलफल गरेका व्यक्ति वा उनीहरूका परिवार सदस्य कोही पनि २३ र २४ भदौको घटनाबाट प्रत्यक्ष प्रभावित थिएनन्। तर, उनीहरूले त्यतिखेरका त्रासदीपूर्ण घटनालाई विभिन्न माध्यमबाट हेरेका थिए। र, अधिकांश उनीहरू त्यो चुनावमा मत परिवर्तनको पक्षमा थिए। उनीहरूमध्ये केहीसँग हालै भएको छलफलमा उनीहरू निराश सुनिए। खासगरी शिक्षा र स्वास्थ्यमा लगाइएको समानता कर (जुन प्रधानमन्त्रीले खारेज गरिदिनुभयो), विद्युतमा लगाइएको मूल्य अभिवृद्धि कर, सरकारमा हुनु नै सर्वेसर्वा हुनुजस्ता अभिव्यक्ति तथा नयाँ सरकारले पनि विगतका सरकारको पदचाप पछ्याउने प्रवृत्ति आदिले उनीहरूलाई निराश बनाएको छ।

नयाँ सरकार बनेको चार महिना परिणाम देखिने समय होइन, तर संकेतहरू आशालाग्दा भने छैनन्। उदाहरणका लागि विभिन्न सरकारी नियुक्तिमा विधि र प्रक्रिया मिचिएको छ। नियुक्तिहरूमा सरकारले भन्दै आएको 'मेरिटोक्रेसी' फगत परिहास बनेको छ। संविधानमा नै उल्लेख भएको समावेशीताको धज्जी उडाइएको छ। संविधान संशोधनको कुरालाई खेलवाड मानिएको छ। सरकारी खर्च कटौतीको भाषण स्वकीय नियुक्तिले भद्दा मजाक बनाएको छ। कर्मचारी सरुवा जथाभावी गरिएको छ। मन्त्रालयहरूमा कानुनले नचिनेका व्यक्तिहरूको बोलवाला बढेको छ। जुन प्रवृत्तिका विरुद्ध २३ र २४ भदौको आन्दोलन भएको थियो कतिपय ती प्रवृत्ति झनै मौलाएको छ।

जनअपेक्षाअनुसार परिणाम नआउँदा नागरिकमा निराशा बढ्दै गएको छ। विगतका युवाकेन्द्रित आन्दोलनदेखि हालसम्मका विभिन्न विरोध प्रदर्शनहरूमा पनि मूल मागहरू सुशासन, जवाफदेहिता, विधिको शासन र प्रभावकारी राज्य व्यवस्थासँग सम्बन्धित रहेका थिए / छन्। तर, सरकारका सुरुवाती पाइलाहरूले पहिलेका सरकारका गलत अभ्यासहरूको पदचाप पछ्याएको अनुभूति हुन्छ। त्यसैले अहिले देखिएको सामाजिक तनावको जरो पनि केवल धार्मिक मात्र नभएर राजनीतिक र सरकारको कार्य सम्पादनसँग जोडिएको छ।

यसर्थ, हालको अवस्थालाई 'धार्मिक' वा 'राजनीतिक' भनेर एउटै कारणमा सीमित गर्नुभन्दा दुवैपक्षको अन्तरसम्बन्ध बुझ्नु उपयुक्त हुन्छ। प्रधानमन्त्रीले विभिन्न राजनीतिक दललगायत अन्य समूहसँग संवाद बढाएसँगै तनाव केही मत्थर भएका समाचारहरू आएका छन्। त्यसैले अहिले भएको वा सम्भावित समस्याको दीर्घकालीन समाधानका लागि धार्मिक सद्भाव कायम गर्नु मात्र होइन, पारदर्शी तथा विधिको शासन, निष्पक्ष कानुनी प्रक्रिया, समावेशी तथा सहभागितामूलक शासनजस्ता विषयमा जोड दिनु आवश्यक छ।

त्यससँगै सरकारको भूमिका केवल सुरक्षा व्यवस्थामा मात्र सीमित हुनु हुँदैन। तनाव किन उत्पन्न भयो, त्यसका सामाजिक, आर्थिक र राजनीतिक कारणहरू पनि पहिचान गरी सम्बोधन गर्न आवश्यक हुन्छ। यस्तो अवस्थामा जिम्मेवार नेतृत्वले जनतालाई संयम हुन, आपसी सद्भाव बढाउन र कानुनी प्रक्रियामा विश्वास गर्न आग्रह गर्नुपर्छ। सार्वजनिक अभिव्यक्तिमा विभाजनकारी वा उत्तेजक भाषा प्रयोग गर्नुको सट्टा, सबै समुदायलाई समान रूपमा सम्बोधन गर्ने, तथ्यमा आधारित जानकारी प्रवाह गर्ने र अफवाह नियन्त्रण गर्ने प्रयास आवश्यक हुन्छ। यसले सामाजिक विश्वास कायम राख्न र तनाव थप फैलिन नदिन सहयोग पुर्‍याउँछ।

विश्वका धेरै देशका अनुभवले देखाउँछन् कि धार्मिक तनाव प्रायः एक्लै उत्पन्न हुँदैन। त्यसमा राजनीतिक ध्रुवीकरण, आर्थिक असमानता, कमजोर शासन, सामाजिक अविश्वास र विदेशी चलखेल पनि मिसिएका हुन्छन्। सन् २०२२ मा श्रीलंकामा देखिएको विद्रोह मुख्यतः आर्थिक संकट र राजनीतिक नेतृत्वप्रतिको असन्तुष्टिबाट प्रेरित थियो। त्यहाँ आन्दोलनको मूलकारण धार्मिक नभए पनि, लामो समयदेखि रहेका जातीय र धार्मिक विभाजनले राजनीतिक वातावरणलाई थप जटिल बनाएको थियो। यसले देखायो कि आर्थिक र राजनीतिक संकट गहिरिँदा समाजका पुराना विभाजनहरू पनि पुनः सतहमा आउन सक्छन्।

बेलायतमा सन् २०२४ मा केही शहरहरूमा भएका हिंसात्मक प्रदर्शनहरूलाई पनि शिक्षाको रूपमा लिन सकिन्छ। त्यतिखेर केही घटनापछि सामाजिक सञ्जालमा फैलिएका गलत सूचना, आप्रवासनसम्बन्धी बहस र राजनीतिक ध्रुवीकरणले तनावलाई बढाएको विश्लेषण गरिएको थियो। त्यसबखत सरकारले कानुनी कारबाहीसँगै तथ्यमा आधारित सूचना प्रवाह र सार्वजनिक शान्तिमा जोड दिएको थियो। भारतका केही क्षेत्रमा भएका साम्प्रदायिक तनावका घटनाहरूले पनि अर्को पक्ष देखाउँछन्। कतिपय विवाद धार्मिक विषयबाट सुरु भए पनि त्यसको फैलावटमा राजनीतिक ध्रुवीकरण, सामाजिक सञ्जालमार्फत फैलिने अफवाह, स्थानीय प्रशासनको प्रतिक्रिया र समुदायबीचको अविश्वासले महत्त्वपूर्ण भूमिका खेलेका उदाहरणहरू छन्।

यी उदाहरणहरूले एउटा साझा सन्देश दिन्छन्, सामाजिक अस्थिरता प्रायः एउटै कारणको परिणाम हुँदैन। धार्मिक पहिचान, राजनीतिक असन्तुष्टि, आर्थिक कठिनाइ, गलत सूचना र संस्थाप्रतिको घट्दो विश्वास एकअर्कासँग जोडिँदा संकट गम्भीर बन्न सक्छ। त्यसैले समाधान पनि बहुआयामिक हुनुपर्छ। निष्पक्ष कानुनी शासन, उत्तरदायी राजनीति, तथ्यमा आधारित सूचना प्रवाह र सबै समुदायबीच विश्वास निर्माण गर्ने प्रयास आवश्यक हुन्छ।

विगत केही वर्षमा नेपालमा राजनीतिक प्रतिस्पर्धासँगै सामाजिक सञ्जाल र सार्वजनिक मञ्चहरूमा विभाजनकारी अभिव्यक्ति, आक्रामक भाषाशैली र 'हामी–उनीहरू' भन्ने राजनीतिक आख्यान बढेको देखिन्छ। यस्ता प्रवृत्तिले समाजमा अविश्वास र

–बाँकी तीन पेजमा

*सामाजिक...*

ध्रुवीकरणलाई गहिरो बनाउने जोखिम बढाउँछन्। यदि कुनै नेतृत्वले यस्तो भाषाशैलीलाई प्रोत्साहन गर्छ वा त्यस्तो प्रवृत्तिलाई समयमै निरुत्साहित गर्न नसक्ने हो भने त्यसको राजनीतिक र नैतिक जिम्मेवारीबारे प्रश्न उठ्नु स्वाभाविक हुन्छ। त्यसो त लोकतान्त्रिक शासनमा अस्थिरताको जिम्मेवारी मूल्याङ्कन गर्दा एउटै व्यक्ति वा समूहलाई दोष दिनुभन्दा नेतृत्वका निर्णय, सुरक्षा व्यवस्थापन, राजनीतिक भाषाशैली, न्यायिक प्रक्रिया, सामाजिक संरचना र आर्थिक अवस्थालाई समग्र रूपमा हेर्नु बढी उचित हुन्छ।

यस्तो परिस्थितिमा जिम्मेवारी केवल सरकारको मात्र हुँदैन। लोकतान्त्रिक समाजमा प्रतिपक्ष, अन्य राजनीतिक दल, नागरिक समाज, सञ्चारमाध्यम र नागरिक स्वयम्को पनि महत्त्वपूर्ण भूमिका हुन्छ। संकटको समयमा उनीहरूको व्यवहारले तनाव कम गर्न पनि सक्छ, बढाउन पनि सक्छ। अन्य राजनीतिक दलहरूले तत्कालीन सरकारका कमजोरीमाथि प्रश्न उठाउनु लोकतान्त्रिक अधिकार हो। तर, त्यसका लागि हिंसा, धार्मिक वा जातीय ध्रुवीकरण र अफवाहलाई राजनीतिक लाभका लागि प्रयोग गर्नु हुँदैन। जिम्मेवार प्रतिपक्षले सरकारलाई जवाफदेही बनाउनुपर्ने हुन्छ। साथै, शान्ति, कानुनी शासन र सामाजिक सद्भाव कायम राख्न आवश्यक विषयमा साझा प्रतिबद्धता पनि देखाउनुपर्छ। राष्ट्रिय संकटलाई दलगत प्रतिस्पर्धाभन्दा माथि राख्न सक्ने राजनीतिक संस्कृतिले लोकतन्त्रलाई बलियो बनाउँछ।

यसका अलावा नागरिक समाजको भूमिका पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ। मानवअधिकारकर्मी, पेशागत संस्था, धार्मिक अगुवा, शैक्षिक संस्था र सामुदायिक संगठनहरूले तथ्यमा आधारित सार्वजनिक बहसलाई प्रोत्साहन गर्ने, समुदायहरूबीच संवाद गराउने, अफवाहको खण्डन गर्ने र शान्तिपूर्ण सहअस्तित्वको पक्षमा उभिने जिम्मेवारी निर्वाह गर्नुपर्छ। जब नागरिक समाज निष्पक्ष, विश्वसनीय र सक्रिय हुन्छ, तब उसले राज्य र नागरिकबीच विश्वासको पुलको काम गर्न सक्छ। सञ्चारमाध्यम र सामाजिक सञ्जाल प्रयोगकर्ताको जिम्मेवारी पनि कम छैन। अपुष्ट सूचना, उत्तेजक सामग्री वा घृणालाई फैलाउने सन्देशले तनावलाई झन् गम्भीर बनाउन सक्छ। त्यसैले तथ्य पुष्टि गरेर मात्र सूचना प्रवाह गर्नु, भ्रामक सामग्रीको खण्डन गर्नु र जिम्मेवार अभिव्यक्ति अपनाउनु लोकतान्त्रिक समाजका आधारभूत कर्तव्य हुन्।

सामाजिक स्थायित्व कुनै एक संस्था वा नेतृत्वको प्रयासबाट मात्र सम्भव हुँदैन। सरकार, राजनीतिक दल, नागरिक समाज, सञ्चारमाध्यम र आमनागरिक सबैले आ–आफ्नो जिम्मेवारी इमान्दारीपूर्वक निर्वाह गरे मात्र लोकतान्त्रिक मूल्य, सामाजिक सद्भाव र नागरिकको विश्वासलाई दीर्घकालीन रूपमा सुदृढ बनाउन सकिन्छ। अन्त्यमा, सरकारको रफ्तार र नियतमा शंकाको सुविधा दिऔँ। तर केचाहिँ अवश्य हो भने नेपाली समाजको चरित्र बुझ्न र समस्या पर्गेल्न वर्तमान मन्त्रिपरिषद्का सदस्यहरू, 'कानुनले नचिनेका तर कार्यकारी अधिकार बोकेर हिँडेका स्वकीयहरू' तथा संसदमा आफ्नो उपस्थिति नै देशले काँचुली फेरेको सम्झने सांसदहरू आदिले अतिरिक्त मिहिनेत गर्नैपर्छ। समाजमा विद्यमान आर्थिक असमानता र सामाजिक विभेदलाई राम्रोसँग केलाएको भए सुकुम्बासी परिवार व्यवस्थापन, जनताले बिल्कुलै नरुचाएका करहरू, कृषि अनुदानमा राखिएको दुई करोड रुपैयाँभन्दा बढीको लगानी सीमाजस्ता विषयमा सरकारको पहलकदमी अर्कै हुन्थ्यो।

अन्य मन्त्रीहरूका 'भाइरल' अभिव्यक्तिहरू पनि समाज नबुझ्नुकै परिणाम हुन्। देशमा लोकतन्त्र, समावेशीता र संघीयता स्थापनाका लागि राजनीतिक दल, नागरिक समाज तथा आमजनताले कठिन र लामो संघर्ष गरेका छन्। यो बुझ्नको लागि हार्वड र अक्सफोर्ड मात्र होइन, नेपाली समाज र नेपाली इतिहास अनिवार्य पढ्नैपर्छ। कुनै पुस्तकमा सहजै पढ्न नपाइने यो बुझ्नको लागि नेपाली समाजसँग गहिरो अन्तरक्रिया गर्नैपर्छ। शायद यसैलाई बुझेर प्रधानमन्त्रीले राजनीतिक दल तथा अन्य पक्षहरूसँग अन्तरक्रिया सुरु गर्नुका साथै संघीयता र गणतन्त्रप्रतिको प्रतिबद्धता व्यक्त गरिसक्नुभएको छ। यो सर्वोच्च कार्यकारीबाट भएको सुखद थालनी हो। आशा गरौँ, अरुले पनि प्रधानमन्त्रीको यो पदचापलाई पछ्याउने छन्। शिलापत्रबाट

*'स्थानीय तहले ...*

महराले वडामा रहेको डिलरमा मल पर्याप्त रहे पनि आफ्नो आवश्यकताअनुसार माग्न जाँदा १०(२० किलो मात्र दिने गरेको गुनासो गरे। उनले भने, 'आफ्नो वडामा दुई वटा डिलर छन्। त्यहाँ बोराका बोरा मल हुन्छ, तर १ बोरा माग्दा १०–२० किलो मात्र दिन्छन्। पछि यही मल यिनीहरूले नै महँगोमा बिक्री गर्छन्।'

उनीजस्तै पीडा भोग्न बाध्य अर्का किसान रामपुकार राउत भन्छन्, 'एक त समयमा मल आउँदैन, ढिलो आउँछ। ढिलै आए पनि आफूलाई चाहेजति सरकारले दिनुपर्‍यो नि, कि यो सरकारको नीति पनि उही पुरानै सरकारको जस्तै किसान मार्ने नीति नै हो ?' यस गाउँका अधिकांश मानिसहरू खेतीकिसानीमा आबद्ध छन्। ४–५ पुस्तादेखि यही खेतीकिसानीबाट जीविकोपार्जन गर्ने, बालबच्चा पढाउने, औषधोपचार गर्ने अनि चाडपर्व मनाउने गर्छन्। तर, अहिले उनीहरूको गुनासो सुन्दा उनीहरू मनोवैज्ञानिक त्रासमा बस्न विवश देखिन्छन्। स्थानीय किसान वंशविराम महराले थकाइ मार्दै भने, 'पहिला आकाशे पानीका भरमा राम्रै खेती हुन्थ्यो। मल पनि जति चाह्यो त्यति पाइन्थ्यो। नभए अलिअलि सीमापारिबाट भए पनि ल्याएर काम चलाइन्थ्यो। अहिले सिँचाइका लागि १ कट्ठाको ३ सय रुपैयाँ तिर्नुपर्छ, मल पनि टाठाबाठाले मात्र पाउँछन्। अब खेतीपाती गरेर परिवार पाल्न गाह्रो छ।'

मलखाद वितरणमा पनि राजनीति हुने गरेको उनको गुनासो छ। कृषि सामग्री कम्पनी लिमिटेडका अनुसार गत आर्थिक वर्षमा युरिया ११ हजार २ सय ४१ मेट्रिक टन, डीएपी ६ हजार ९ सय ६३ मेट्रिक टन तथा पोटास ३ सय ७९ मेट्रिक टन बिक्रीवितरण गरिएको छ। चालु आर्थिक वर्षको पहिलो हप्तासम्म युरिया ८ सय ८ मेट्रिक टन, डीएपी २ सय ७ टन र पोटास ४० मेट्रिक टन किसानमाझ पुगेको छ।

संस्थानका सूचना अधिकारी बेचन साहका अनुसार यो कार्यालयबाट धनुषा र महोत्तरी गरी दुई जिल्लाका लागि रासायनिक मल आपूर्ति हुने गरेको छ। उनी भन्छन्, 'यस वर्ष गत वर्षभन्दा केही अगाडि नै किसानकहाँ मल पुर्‍याउन सकेका छौँ, तर पर्याप्त भने छैन।' स्थानीय तहमा हुने मल वितरण व्यवस्थापन समितिले व्यवस्थित रूपमा मल वितरण र वडावडामा पुगेर अनुगमन गर्न नसक्दा किसानहरूले आपूर्तिमा सास्ती खेप्नुपरेको गुनासो आफूकहाँ पनि आएको साहले बताए।

यता कृषि ज्ञान केन्द्रका कृषि अर्थविज्ञ गणेश अधिकारी खत्रीले गत वर्षको तुलनामा यस वर्ष आकाशे पानी राम्रो परेको र मल पनि अगाडि नै आएकाले धनुषामा यस वर्ष उत्पादन राम्रो हुने अनुमान गरिएको बताए। विदेशबाट आयात गर्नुपर्ने रासायनिक मल समयमा ल्याउन नसक्दा विगत केही वर्षयता सरकारको निकै आलोचना हुँदै आएको छ। त्यसमा पनि स्थानीय पालिकामा रहेको मल वितरण व्यवस्थापन समितिले बिक्री व्यवस्थापनमा ध्यान नदिँदा कृषकहरू मारमा परेका त छँदै छन्, संघ, प्रदेशदेखि स्थानीय तहसम्मका सरकारमाथि समेत औँला उठ्न थालेको छ।

> छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# चिया बेचेर गुजारा चलाइरहेकी एकल महिलाको पीडा–'४ दिनदेखि पसल बन्द रहँदा छाक टार्न कठिन भइसक्यो'



राजविराज, १७ साउन। आइतबार बिहान ११ बज्नै लाग्दा राजविराज बजारका पसल बन्द गराउँदै हिँडेका प्रहरीलाई देखेर ५५ वर्षीया सकुन्तलादेवी नुनियार चिन्तामा थिइन्। स्वास्थ्य कार्यालयअगाडि घुम्तीमा चिया बेचेर जीविका चलाउँदै आएकी उनले चार दिनपछि पसल खोलेकी थिइन्। बिहान ७ बजेदेखि ११ बजेसम्म कर्फ्यु खुकुलो पारिएपछि खोलेको पसल फेरि बन्द गर्नुपर्ने सूचना पाएपछि उनको चिन्ता झन् बढ्यो।

बिहानै किनेको १० लिटर दूध लगभग बाँकी नै थियो। पसल फेरि बन्द गर्नुपरेपछि दूधको पैसा कसरी तिर्ने भन्ने चिन्ताले उनलाई पिरोलिरहेको थियो। 'कर्फ्युअघि पनि बजार बन्द हुँदा पसल खोल्न पाइएन,' उनले भनिन्, 'अहिले छाक टार्न कठिन भइसकेको बेला पसल खोल्न आएँ, फेरि बन्द गर्न भनियो। किनेको दूधको पैसा कहाँबाट तिर्ने भन्ने चिन्ताले सताइरहेको छ।'

सप्तरीको राजविराज नगरपालिका–११ फर्सैठकी सकुन्तलाको जीविकोपार्जनको एक मात्र आधार यही चिया पसल हो। उनी करिब दुई दशकदेखि घुम्तीमा चिया बेच्दै आएकी छन्। ११ वर्षअघि श्रीमान्को मृत्यु भएपछि यही पसलको आम्दानीबाट उनले दुई छोराको पालनपोषण गर्दै आएकी थिइन्।

तर आर्थिक अभावका कारण उनले ३ वर्षकै उमेरदेखि पक्षघातबाट पीडित जेठो छोरा मनोजको उपचार गराउन सकिनन्। ३१ वर्षको उमेरसम्म ह्विलचेयरमै जीवन बिताएका मनोजको दुई वर्षअघि उपचार अभावमै मृत्यु भयो। त्यो पीडा अझै उनको मनबाट मेटिएको छैन। 'आफूसँग पैसा भएको भए मेरो छोरा अहिले मसँगै हुन्थ्यो,' उनले भनिन्, 'गरिबको पीडा बुझ्ने पनि कोही भएन। अहिले बजार बन्द वा कर्फ्यु हुँदा म जस्ता कति निमुखाका घरमा चुल्हो बल्दैन भन्ने कुरामा कसैले विचार गर्दैन।'

राजविराज बजारमै भाडामा बस्दै आएकी सकुन्तलालाई आफ्नो छाक टार्ने र घरभाडा तिर्ने चिन्ता मात्रै छैन। कान्छो छोरा २५ वर्षीय सन्तोष विराटनगरमा उच्च शिक्षा अध्ययन गरिरहेका छन्। उनको पढाइ खर्च र बसाइँ खर्च पनि यही पसलको आम्दानीबाट धान्नुपर्ने बाध्यता छ। 'पसल बन्द रहिरह्यो भने म त भोकै बसौँला पनि,' उनले भनिन्, 'तर छोराको पढाइ बीचमै रोकिने चिन्ताले रातभर निदाउन सकेकी छैन। यो पीडा कसलाई सुनाउनु, गरिबको कुरा कसले सुन्छ र?' यहाँ गत शुक्रबार बिहानदेखि जारी कर्फ्यु आइतबार दिउँसो हटाएर अर्को आदेश नभएसम्मका लागि निषेधाज्ञा जारी गरिएको छ। बजारमा किनमेल गर्न सहज बनाइए पनि पाँच जनाभन्दा बढी व्यक्ति भेला हुन निषेध गरिएको छ। निषेधाज्ञा उल्लंघन गर्ने वा गराउनेलाई स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३क) बमोजिम कारबाही गरिने चेतावनी प्रशासनले दिएको छ।

# पुल निर्माणका लागि प्रारम्भिक सर्वेक्षण



**धीरेन्द्रप्रसाद साह**

राजविराज, १७ साउन। सप्तरी निर्वाचन क्षेत्र नं. ४ का प्रतिनिधिसभा सदस्य सीताराम साहले आर्थिक वर्ष २०८३–८४ को योजना तथा बजेटमा समावेश भएका पाँच वटा पुल निर्माण योजनाको प्रारम्भिक स्थलगत सर्वेक्षण गर्नुभएको छ। स्थानीय पूर्वाधार विकास आयोजनाका प्राविधिक इन्जिनियरसहित सांसद साहले खडक नगरपालिका –१ स्थित ब्रम्हटोल नजिकको चापिन नदी, दुहबी नजिकको बेरागो नदी, माध्यमिक विद्यालय सिस्वानजिकको चापिन नदी, लालपुर र बरहालाई जोड्ने खडक नदी तथा कल्याणपुर बजार र मझाउलाई जोड्ने खडक नदीमा निर्माण गरिने पुलका लागि प्रारम्भिक सर्वेक्षण गर्नुभएको हो।

स्थलगत सर्वेक्षणका क्रममा स्थानीय समाजका अगुवा, बुद्धिजीवी, जनप्रतिनिधि, ग्रामवासी तथा उपभोक्ताको उल्लेखनीय सहभागिता रहेको थियो। सर्वेक्षणको क्रममा स्थानीयवासीले पुल निर्माणको आवश्यकताबारे आफ्ना धारणा राख्दै निर्माण कार्य शीघ्र अघि बढाउन आग्रह गरेका थिए। सिस्वाका स्थानीयवासी रामचन्द्र साहका अनुसार सम्बन्धित स्थानमा हालसम्म पुल नहुँदा विशेषगरी वर्षायाममा आवत–जावत कष्टकर हुने गरेको छ। पैदलयात्रीदेखि सवारीसाधन सञ्चालनसम्म प्रभावित हुने गरेको उहाँको भनाइ छ। बिरामीलाई स्वास्थ्य संस्थासम्म पुर्‍याउन, सुत्केरीको उद्धार गर्न तथा आगलागीजस्ता विपद्का बेला उद्धार तथा राहत कार्यमा समस्या हुने गरेको अर्का स्थानीय कारी मण्डलले बताउनुभयो। लालपुरका स्थानीय मनोजकुमार साहले पुल अभावका कारण वर्षायाममा दैनिक जनजीवन प्रभावित हुने गरेको बताउनुभयो। उहाँले पुल निर्माण भएपछि स्थानीयवासीको आवत–जावत सहज हुनुका साथै शिक्षा, स्वास्थ्य, कृषि तथा व्यापारिक गतिविधिमा समेत सकारात्मक प्रभाव पर्ने विश्वास व्यक्त गर्नुभयो।

सांसद साहले प्रारम्भिक सर्वेक्षण सम्पन्न भइसकेकाले आवश्यक प्राविधिक प्रक्रिया पूरागरी पुल निर्माण कार्यलाई निर्धारित योजनाअनुसार अगाडि बढाइने बताउनुभयो।

# नेपाली भूमि सुस्ताभित्र पसेर भारतीय एसएसबीले अस्थायी बाँध भत्कायो, स्थानीयसँग विवाद

स्थानीयका अनुसार आइतबार दिउसो साढे ३ बजेतिर करिब १५ जना सादा पोसाकमा र अरु हतियारसहित ६० जनाको संख्यामा एसएसबी नेपाली भूमि पसेका थिए।



बुटवल, १७ साउन। पश्चिम नवलपरासीको सुस्तामा भारतीय सशस्त्र सीमा बल(एसएसबी) नेपाली भूमिमा प्रवेश गरेर निर्माणाधीन अस्थायी बाँध भत्काएपछि विवाद भएको छ। स्थानीयका अनुसार आइतबार दिउसो साढे ३ बजेतिर करिब १५ जना सादा पोसाकमा र अरु हतियारसहित ६० जनाको संख्यामा एसएसबी नेपाली भूमि पसेका थिए।

उनीहरूले सुस्ता गाउँपालिका ५ थारु टोलमा बन्दै गरेका १३२ मिटर लामो माटोको कच्ची बाँध भत्काइदिएका स्थानीयले बताएका छन्। भारतीय सुरक्षाकर्मीले नेपालतर्फ बनिरहेको बाँध भत्काएपछि स्थानीयबासी प्रतिवादमा उत्रिएका छन्। सुस्ता बचाउ युवा अभियानका संयोजक योगेन्द्र गौतमले भारतीय एसएसबी दुई देशको सीमा मानिएको सिमलको रुखभन्दा ३ सय मिटर नेपालतर्फ प्रवेश गरेर बाँध भत्काएको बताए।

स्थानीयले रोक्ने प्रयास गरेपनि हतियारसहित आएकाले रोक्न नसकिएको तर, विवाद भएको उनले जानकारी दिए। यसअघि गत असारमा पनि भारतीय सुरक्षाकर्मी सुस्ता क्षेत्रमा प्रवेश गरेर बाँध निर्माणको काम रोक्न दबाव दिएपछि रोकिएको थियो। सुस्ता नेपाल-भारतबीच लामो समयदेखि विवादित सीमा क्षेत्रका रूपमा रहँदै आएको छ। स्थानीय मुन्ना खाँका अनुसार सीमा स्तम्भको अभाव, नारायणी नदीले धार परिवर्तन गर्नु तथा भारतीय पक्षबाट हुने पटक-पटकको हस्तक्षेपका कारण त्यहाँ विवाद दोहोरिने गरेको छ। भारतीय पक्षले बाँध भत्काएपछि अप्रिय घटना हुननदिन नेपालको सशस्त्र प्रहरी बल पनि घटनास्थल पुगेको छ।

# विद्युत् प्राधिकरणको अनियमितता अध्ययन गर्न दुई समिति

काठमाडौं, १७ साउन। ऊर्जा मन्त्रालय र नेपाल विद्युत् प्राधिकरणले अनियमितताका उजुरीहरूमाथि अध्ययन गर्न दुई छुट्टाछुट्टै समिति गठन गरेका छन्। ऊर्जा मन्त्रालयले प्राधिकरणको ट्रान्सफर्मरको खरिद र तिनको गुणस्तरबारे अध्ययन गर्न सिनियर डिभिजनल इन्जिनियर (सीडीई) राजु महर्जनको नेतृत्वमा समिति गठन गरेको हो। मन्त्रालयका सूचना अधिकारी समेत रहेका महर्जन नेतृत्वको समितिले काम थालिसकेको बताए।

नेपाल विद्युत् प्राधिकरणको सञ्चालक समितिले भूमिगत तार व्यवस्थापन र त्यसक्रममा आएका गुनासाहरूको अध्ययनका लागि सञ्चालक समिति सदस्य शम्भु केसीको नेतृत्वमा अर्को समिति गठन गरेको हो। दुवै समिति प्राधिकरणको गुणस्तर र सेवा प्रवाहसँग सम्बन्धित छन्। नेपाल विद्युत् प्राधिकरणले ग्राहक र सेवाग्राहीको गुनासो सुन्न ११५१ को हटलाइन सेवा सुरु गरेको थियो।

करिब १५ सय उजुरीमध्ये ठूलो हिस्सामा ट्रान्सफर्मर र भूमिगत तार व्यवस्थापनबारेमा गुनासो आएपछि अध्ययन गर्न समिति गठन भएको मन्त्रालयले जनाएको छ। मन्त्रालयका सीडीई महर्जनको नेतृत्वमा गठित समितिले विभिन्न ठाँउको भोल्टेज प्रवाह, बारम्बार विद्युत् आपूर्ति रोकिने समस्या (ट्रिपिङ) लगायत ट्रान्सफर्मरहरूको गुणस्तरबारे समेत अध्ययन गर्नेछ। समितिले काम थालिसकेको छ।

विद्युत् प्राधिकरणको सञ्चालक समितिले सदस्य शम्भु केसीको नेतृत्वमा गठन गरेको समितिले भूमिगत तार व्यवस्थापन र त्यसमा देखिएका समस्याबारे अध्ययन गर्ने कार्यादेश पाएको छ। काठमाडौं उपत्यकाका केही शहरी क्षेत्रमा विद्युत् प्राधिकरणले भूमिगत रूपमा तार व्यवस्थापनको काम थालेको थियो।

त्यसक्रममा गुणस्तरीय काम नभएको र जोखिम बढेको भनेर प्राधिकरणले सञ्चालन गरेको गुनासो सुन्ने हटलाइनमा बारम्बार उजुरी आएको थियो। त्यसलाई सम्बोधन गर्न अर्को समिति गठन भएको प्राधिकरणले जनाएको छ।

# जनकपुरमा पनि ग्यास अभाव



जनकपुरधाम, १७ साउन। काठमाडौँमा मात्र नभई मधेस प्रदेशको राजधानी जनकपुरमा पनि खाना पकाउने एलपीजी ग्यासको अभाव हुन थालेको छ। नगर क्षेत्रभित्रका जुनसुकै डिलर वा पसलमा गए पनि 'ग्यास छैन' भन्दै बिक्रेताहरूले ग्राहक फर्काउन थालेका छन्। डिलरहरूले 'अहिले ग्यास छैन, नाम टिपाएर जानुस्, आएपछि फोन गरौँला' भन्दै ग्राहकलाई फर्काउने गरेका छन्।

सुनसरी घटनाको विरोधमा चर्किएको आन्दोलन साम्प्रदायिक भड्काउतातर्फ उन्मुख भएपछि जिल्ला प्रशासन कार्यालयले गत बिहीबार अपराह्न साढे ३ बजेदेखि कर्फ्यु आदेश जारी गरेको थियो। कर्फ्युका कारण बजार, व्यापार र व्यवसाय पूर्ण रूपमा ठप्प रहे। तर हिजो बिहान १० बजेपछि स्थानीय प्रशासनले कर्फ्यु हटाउँदै चार किल्ला तोकेर निषेधाज्ञा लगाएको छ।

निषेधाज्ञासँगै बजार खुले पनि ग्यास बिक्रेताहरूले ग्यास नभएको बताइरहेका छन्। जनकपुर-१० मा डेरा गरी बस्ने सुशीलादेवी साह ग्यासकै लागि १० भन्दा बढी डिलर र पसल चहार्न बाध्य भइन्, तर आज दिउँसोसम्म उनले ग्यास पाउन सकिनन्। सुशीलादेवी मात्र होइन, अहिले जनकपुरका धेरै उपभोक्ता यही समस्या भोग्न बाध्य छन्।

स्थानीय सञ्जय मिश्रको अवस्था पनि उस्तै छ। खाना पकाउँदा पकाउँदै ग्यास सकिएपछि उनी ५-७ ठाउँमा पुगे, तर कतैतिर पाइनन्। गुनासो गर्दै उनले भने, 'प्रशासनले दुई दिन कर्फ्यु लगायो, त्यो बेला कुनै पसल र व्यापार व्यवसाय खुलेनन्। अनि कसरी मौज्दात सामान बिक्री नै नभई सकियो ? आन्दोलनअघिसम्म त बजारमा ग्यासको अभाव थिएन। व्यापारीहरूले कृत्रिम अभाव सिर्जना गर्न खोजेका हुन्।'

जनकपुरका रामानन्द चोक, पिडारी चोक, थापा चोक, भानु चोक, मुरली चोक र पेठिया बजारलगायत ठाउँमा ग्यास नपाएको सर्वसाधारणले बताएका छन्। कतिपय डिलर बन्द छन् भने खुलेका डिलरले पनि पछि पाइने आश मात्र दिएका छन्। यतिबेला सर्वसाधारण खाली सिलिन्डर बोकेर डिलर डिलर चहार्न बाध्य छन् भने कतिपय डिलर अगाडि ग्यास उपलब्ध गराइदिन हारगुहार गरिरहेका भेटिन्छन्।

'ग्यासको कृत्रिम अभाव सिर्जना गरेर कालोबजारी गर्न खोजिए जस्तो छ। खै त प्रशासन र सरकार ? बजार अनुगमन गर्नुपर्दैन ? जनकपुर-८ मा चिया पसल सञ्चालन गर्दै आएकी सुनिता कोइरीले भनिन्, 'सानो पसल छ, सिलिन्डर पनि एउटै मात्र छ। ग्यास सकियो, लिन जाँदा छैन भन्दै फर्काइदिन्छन्।'

बजारमा ग्यास नपाएपछि उपभोक्ता चरम मारमा परेका छन्। खासगरी डेरा गरी बस्ने विद्यार्थी, नर्स तथा ज्यालादारी मजदुरहरू बढी प्रभावित भएका छन्। नाम उल्लेख नगर्ने सर्तमा एक ग्यास बिक्रेताले भने, 'आन्दोलन र प्रदर्शनअघिसम्म ग्यासको हाहाकार थिएन। अहिले एकाएक कसरी अभाव भयो, मैले पनि बुझ्न सकेको छैन।'

# राजविराज र बोदेबरसाइनमा कर्फ्यु हट्यो

राजविराज, १७ साउन। सप्तरी जिल्ला प्रशासन कार्यालयले राजविराज नगरपालिका र बोदेबरसाइन नगरपालिकाका जारी कर्फ्यु हटाएर निषेधाज्ञा लागू गरेको छ। प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाद्वारा जारी सूचनाअनुसार जिल्ला सुरक्षा समितिको आजको बैठकबाट उक्त स्थानमा निषेधाज्ञा जारी गर्ने निर्णय भएको हो।

दुवै नगरपालिकामा पाँच जनाभन्दा बढी व्यक्ति भेला हुन, सभा, जुलुस, धर्ना तथा प्रदर्शन गर्न नपाइने गरी अर्को आदेश नभएसम्म निषेधाज्ञा लागू गरिएको जनाइएको छ। स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३क) बमोजिम जारी गरिएको निषेधाज्ञा उल्लंघन नगर्न प्रशासनले सर्वसाधारणलाई आग्रह गरेको छ।

सूचनाअनुसार राजविराज नगरपालिकामा पूर्वतर्फ खाँडो खोला, पश्चिमतर्फ हुलाकी राजमार्गको जमुनी थलही, उत्तरतर्फ रुपनी रोडको बसबिट्टी चोक र दक्षिणतर्फ कोशी पश्चिम मूल नहरसम्मको क्षेत्र निषेधाज्ञा क्षेत्र तोकिएको छ। त्यस्तै, बोदेबरसाइन नगरपालिकामा पूर्वतर्फ हुलाकी राजमार्गको खडक पुल, पश्चिमतर्फ प्रितमपुर चोक, उत्तरतर्फ नेगडा चोक र दक्षिणतर्फ मानराजा चोकसम्मको क्षेत्रमा निषेधाज्ञा लागू गरिएको छ।

जिल्ला प्रशासन कार्यालयले जिल्लामा शान्ति, सुरक्षा र सामाजिक सद्भाव कायम राख्न सर्वसाधारणलाई संयमित रहन तथा प्रशासनको निर्णयमा सहयोग गर्न आग्रह गर्दै निषेधाज्ञा अर्को आदेश जारी नभएसम्म कायम रहने उल्लेख छ।

# मधेसको कैलास टुटेश्वरमा गृहमन्त्रीले गरे विशेष पूजा

**राजकरण महतो**




जनकपुरधाम, १७ साउन। मधेशको कैलास टुटेश्वरस्थित टुटेश्वरनाथ महादेव मन्दिरमा गृहमन्त्री सुधन गुरुङले पूजा-अर्चना गरेका छन्। देश र मधेशमा शान्ति, भाइचारा र सहिष्णुको कामना गर्दै गृहमन्त्री गुरुङले धार्मिक, पर्यटकीयस्थल टुटेश्वरधाम पुगेर सुरक्षा र मेला व्यवस्थापनबारे जानकारी पनि लिएका छन्। टुटेश्वरनाथ महादेव मन्दिरका पुजारी श्रीचन दासले विशेष पूजा गराएको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष राजाराम यादवले जनाए। त्यस्तै टुटेश्वरमा रहेको श्री रत्न छेलिङ गुम्बामा पुगेर गृहमन्त्री गुरुङले शान्तिका दूत गौतम बुद्धको मूर्तिमा धुपबत्ति बाल्दै घण्टी बजाएर पूजा गरेका थिए। मधेशको कैलास भनेर चिनिने महाभारतकालीन इतिहास भएको टुटेश्वरनाथ महादेव मन्दिरको विकास गर्न पुरातात्विक अध्ययनका लागि गृहमन्त्रीलाई जानकारी गराइएको प्रतिनिधि सभा सदस्य प्रमोद कुमार महतोले जानकारी दिए। साउन महिनाभरि टुटेश्वरस्थित नेपालको बाबाधाम भनेर पहिचान बनाएको टुटेश्वरनाथ महादेव मन्दिर परिसरमा भव्य मेला लाग्ने गरेको छ। जहाँ नेपाल र भारतका लाखौं भक्तजनहरू बोलबमको जयजयकार लगाएर आइरहेका छन्।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहकार**: कृष्ण प्रसाद ढंगाल **कम्प्युटर ले-आउट** : **मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)